अर्थ

2018, JUN Saturday 30

बुद्ध एयरले अहिले प्रवर्द्धनात्मक दोहोरो भाडा दर नेपालबाट वाराणसी टिकट १४ हजार रुपियाँ र क्लासिक काशी दर्शनको होलिडे प्याकेज शुल्क २५ हजार रुपियाँ तोकेको छ। काठमाडौं-बनारसको पहिलो उडानमा ३८ यात्रु रहेको कम्पनीले जनाएको छ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रु. प्रति किलोग्राम

स्थानहरु / साइज	JAGDAMBA E ८ एम.एम.	१०-२० एम.एम.	२५ एम.एम.	२८-३२ एम.एम.
काठमाडौं	९१।००	८८।००	९१।००	९१।००
सिमरा, बिरगंज, कलैया	८९।४०	८६।४०	८९।४०	८९।४०
मलंगवा, जनकपुर, नारायणघाट	९०।४०	८७।४०	९०।४०	९०।४०
लाहान, विराटनगर, धरान, इटहरी	९१।९५	८८।९५	९१।९५	९१।९५
वितामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर	९०।१०	८७।१०	९०।१०	९०।१०
पोखरा, स्याङ्जा	९०।६०	८७।६०	९०।६०	९०।६०

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191

EARTHQUAKE RESISTANT REBAR

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

ग्लोबल आइएमई बैंक लि.

शाखा कार्यालय, नारायणघाट शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी

३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी सानिमाया गुरुङको मिति २०७४/०२/२९ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकका श्रीमान मंगल बहादुर गुरुङले आफ्नो कान्छो छोरा भरत बहादुर गुरुङलाई खाताको पैसा हस्तान्तरण गर्नको लागि यस बैंकको शाखा कार्यालयमा मिति २०७४/१२/२३ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकको शाखा कार्यालय, नारायणघाटमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असार १६, जुन ३०, २०१८

खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

	खरिद दर	बिक्री दर
भारतीय रुपियाँ १०० को रू.	९६०।००	९६०।००
अमेरिकी डलर १ का रू.	१०९।२५	१०९।८५
युरो १ को रू.	१२७।३१	१२८।०१
पाउन्ड स्टर्लिङ १ को रू.	१४३।६४	१४४।४३
स्विस फ्रन्क १ को रू.	११०।०२	११०।६३
अस्ट्रेलियन डलर १ को रू.	८०।६३	८१।०७
क्यानाडियन डलर १ को रू.	८२।४५	८२।११
सिङ्गापुर डलर १ को रू.	८०।०९	८०।५३
जापानी यन १० को रू.	९।८७	९।९३
चिनियाँ युआन १ को रू.	९६।५१	९६।६०
साउदी अरब रियाल १ को रू.	२९।९३	२९।२९
कतारी रियाल १ को रू.	३०।०१	३०।१७
थाई भाट १ को रू.	३।३०	३।३२
सं. अरब इमिरट दिराम १ को रू.	२९।७४	२९।१९
मलेसियन रिङ्गिट १ को रू.	२७।०५	२७।१९
दक्षिण कोरियन वन १०० को रू.	९।८१	९।८७

खरिद दर

स्विडिस क्रोनर १ का रू.	१२।९९
डेनिस क्रानर १ का रू.	१७।०८
हङ्गकङ डलर १ का रू.	९३।९२

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरुले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

ईपीएस परीक्षाफल प्रकाशित

काठमाडौं, (नेस)

कोरियाका लागि रोजगार अनुमति प्रणाली (ईपीएस) भाषा परीक्षाको नतिजा शुक्रबार सार्वजनिक गरेको छ। कुल ८२ हजार २ सय ६४ सहभागी भएको परीक्षामा ७ हजार ९ सय ९६ जनाले परीक्षा उत्तीर्ण गरेको ईपीएस कोरिया शाखाले जनाएको छ।

जस्मा कृषिमा २ हजार ९ सय ६८ र उत्पादन क्षेत्रमा ५ हजार २८ जना परीक्षा उर्त्तीण गरेका छन्। ईपीएस परीक्षा जेठ २५ र २६ गते सञ्चालन भएको थियो।

तनहुँ जलविद्युत् आयोजनाको पीपीए सम्पन्न

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल विद्युत् प्राधिकरण र तनहुँ हाइड्रोपावर लिमिटेडबीच १४० मेगावाट जडित क्षमताको तनहुँ जलविद्युत् आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता (पीपीए) मा हस्ताक्षर भएको छ।

प्राधिकरणकातर्फका कार्यकारी निर्देशक कुलमान घिसिङले र आयोजनाको प्रवर्द्धक कम्पनीका तर्फबाट प्रबन्ध-सञ्चालक प्रदीपकुमार थिकेले शुक्रबार जलाशययुक्त आयोजनाको पहिलो पीपीएका रूपमा आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौतामा हस्ताक्षर गर्नुभएको हो। प्राधिकरण र कम्पनीबीच सम्पन्न विद्युत् खरिद-बिक्री सम्झौताको मुख्य प्रावधानमा सम्झौता अवधि आयोजनाबाट व्यापारिक उत्पादन शुरू हुने मितिदेखि ३० वर्ष वा विद्युत् उत्पादन अनुमतिपत्रको अवधिमध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ। आयोजनाको व्यापारिक उत्पादन शुरू गर्नुपर्ने मिति २०८० चैत ३० गते तोकिएको छ।

प्राधिकरणले आयोजनाबाट उत्पादित ऊर्जा सुख्खायाम (१६ मंसिर-१५ जेठ) र वर्षायाम (१६ जेठ-१५ मंसिर) मा प्रतियुनिट क्रमशः १२.४० र ६.०८ रुपियाँमा खरिद गर्नेछ। उक्त दरमा कम्पनीले वार्षिक ३ प्रतिशतका दरले ८ पटकसम्म साधारण मूल्यवृद्धि पाउने व्यवस्थाअनुसार मूल्यवृद्धिपश्चात (९७औं महिनादेखि) आयोजना अवधिभर खरिद दर प्रतियुनिट सुख्खायाममा १५.३८ र वर्षायाममा ७.५४ रुपियाँ कायम हुनेछ। साथै व्यापारिक उत्पादन शुरू हुने मिति कायम भएको महिनाको अर्को वर्षमा वार्षिक रुपमा वर्षा याममा उपलब्ध गराइएको ऊर्जाको अनुपातमा ऊर्जाको खरिद दर समायोजन गरिने व्यवस्था गरिएको छ। आयोजनाको शुख्खा र वर्षायामको क्रमशः १७ करोड ८९ लाख र ३२ करोड ३६ लाख युनिटलाई सम्झौता ऊर्जा कायम गरिएको छ।

कुनै वर्षमा आयोजनाबाट उपलब्ध गराइएको सुख्खायामको ऊर्जा कुल वार्षिक उपलब्ध गराइएको ऊर्जाको ३५ प्रतिशतभन्दा कम भएमा उक्त वर्षका लागि आयोजनाले जलाशययुक्त आयोजनाको सट्टा अर्ध-जलाशययुक्त आयोजनाका लागि तोकिएको खरिद दर लागू हुने व्यवस्था छ। प्राधिकरणले अर्ध-जलाशययुक्त आयोजनाका लागि सुख्खा र वर्षायामका लागि प्रतियुनिट क्रमशः १०.५५ र ४.८० रुपियाँ खरिद दर निर्धारण गरेको छ।

प्राधिकरणले व्यापारिक उत्पादन शुरू हुने मितिदेखि प्रत्येक महिना आयोजनाबाट उत्पादन हुने सम्झौता ऊर्जाको परिमाणसम्मको ऊर्जा खरिद गर्नुपर्नेछ। साथै अतिरिक्त ऊर्जाको हकमा प्राधिकरणले जारी गरी माथि तोकिएको खरिद दरको ५० प्रतिशत दरमा खरिद गर्नेछ। आयोजनाबाट उत्पादन हुने विद्युत् ऊर्जा दमौली-भरतपुर २२० केभी प्रसारण लाइनमार्फत राष्ट्रिय प्रणालीमा प्रवाहित हुनेछ। आयोजनाको पूर्वाधार निर्माण कार्यहरू सम्पन्न हुने अवस्थामा रहेका छन् भने मुख्य संरचना निर्माणका लागि खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको छ। आयोजनाको मुख्य संरचनाको निर्माण कार्य नोभेम्बर २०१८ बाट शुरू गर्ने र ५ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य तय गरिएको छ।

आयोजनाको कुल लागत अमेरिकी डलर ५० करोड ५० लाख (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) रहेको छ। यसमध्ये एसियाली विकास बैंक (एडीबी)ले अमेरिकी डलर १५० मिलियन, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले अमेरिकन डलर १८४ मिलियन, युरोपियन इन्भेस्टमेन्ट बैंक (ईआईबी)ले अमेरिकन डलर ८५ मिलियन र नेपाल सरकार/नेपाल विद्युत प्राधिकरणले अमेरिकी डलर ८७ मिलियन व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

टाटा गुरु सम्मेलन

काठमाडौं, (नेस)

टाटा मोटर्स र सिप्रदी अटोपार्टस्ले संयुक्त रूपमा नेपालमा पहिलोपटक टाटा गुरु सम्मेलनको सफल आयोजना गरेको छ। नेपालमा शुरू गरिएको यस टाटा गुरु सम्मेलनमा टाटा मोटर्सका तर्फबाट जयदीप मटकरले टाटा जेनुइन पार्टसको बारेमा बताएका थिए।

मेकानिक्सहरूलाई आफ्नो परिवारका रूपमा एकै ठाउँमा भेला गरी टाटा ब्रान्डका गाडीहरू विश्वासिलो, भरपर्दो र सुरक्षितका साथै मितव्ययी छ भन्ने कुराहरू आफ्ना ग्राहकमा पुऱ्याउन सफल बनाएकाले उनीहरूलाई थप केही प्राविधिक ज्ञानहरू प्रदान गर्नु कम्पनीले जनाएको छ। साथै आफ्नो दक्षताको विकास गर्ने अवसर तथा विभिन्न विधामा उत्कृष्ट कार्य गरेबापत सम्मान तथा प्रोत्साहनको कार्यक्रमका रूपमा यस सम्मेलनलाई लिइएको कम्पनीबाट जारी गरिएको विज्ञप्तिमा भनिएको छ।

सातभर ४० लाख कित्ता सेयर थपिँदा २१ अंकले घट्यो नेप्से

काठमाडौं, (नेस)

यस साता नेपाल स्टक एक्सचेन्ज (नेप्से) पहिलो दिनको तुलनामा २१ दशमलव २७ अंकले घटेर १ हजार १ सय ९८ दशमलव ५४ अंकमा झरेको छ। कुल १ सय ८६ कम्पनीको १५ हजार ८ सय ४८ कारोबारबाट १ अर्ब ४ करोड १६ लाख २३ हजार रुपियाँबराबरका ३६ लाख ७९ हजार ६ सय कित्ता शेयर खरिद बिक्री भएका छन्। गत साताभन्दा ७ दशमलव २५ प्रतिशतले घटेर १ अर्ब १२ करोड ३१ लाख १ हजार रुपियाँबराबरको ४९ लाख ६१ हजार १ सय कित्ता शेयर किनबेच भएको थियो।

त्यस्तै 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ परिसूचक पहिलो दिनको तुलनामा ३ दशमलव ९५ अंकले घटेर २ सय ५२ दशमलव शून्य ९ अंकमा पुगेको छ। कारोबारमा भएका १ सय ८६ कम्पनीमध्ये सबैभन्दा बढी मेगा बैंक नेपाल लिमिटेडको ४ करोड १५ लाख ४० हजार रुपियाँबराबरको शेयर किनबेच भएको छ। यसैगरी नेपाल इनभेस्टमेन्ट बैंकको ३ करोड १ लाख ७० हजार रुपियाँ, स्टान्डर्ड चार्टर्ड बैंकको २ करोड ८१ लाख ३० हजार रुपियाँ, नबिल बैंकको संस्थापकको २ करोड ६० लाख ६० लाख रुपियाँ र एभरेस्ट बैंकको २ करोड ६० लाख ६० हजार रुपियाँ सेयर कारोबार भएको छ।

कारोबार शेयर संख्याको आधारमा पनि मेगा बैंक नेपाल नै अगाडि रहेको छ। साताभर बैंकको २ लाख ३६ हजार कित्ता सेयर किनबेच भएको हो। यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार पाँचै दिन नै खुल्ला रह्यो। भने यस साता नेपाल स्टक एक्सचेन्जमा नेपाल ल्युब आयल लिमिटेडको बोनस शेयर ६५ हजार ५ सय ३ कित्ता र निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाको हकप्रद शेयर ४० लाख १ हजार ६ सय ५० कित्ता गरी कुल ४० लाख ६७ हजार १ सय ५३ कित्ता सेयर सूचीकृत भएका छन्।

बुद्ध एयरको वाराणसी उडान शुरू

सातामा सोमबार र शुक्रबार उडान हुने

नेपाल समाचारपत्र

काठमाडौं

बुद्ध एयरले शुक्रबारबाट काठमाडौं-वाराणसी उडान शुरू गरेको छ। सातामा सोमबार र शुक्रबार गरी २ उडान भर्ने गरि बुद्धले उडान शुरु गरेको हो। शुक्रबार राजधानीमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बुद्ध एयरका पबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले वाराणसी उडानका बारेमा जानकारी दिनुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारीले बुद्ध एयरलाई वाराणसी उडानले 'भिजिट नेपाल ट्वान्टी-ट्वान्टी लागि बुद्धको वनारस-काठमाडौं उडानले नेपालको पर्यटन क्षेत्रलाई थप टेवा पुऱ्याउने बताउनुभयो।' साथै मन्त्री अधिकारीले क्षेत्रीय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडानले नेपालको पर्यटनवृद्धिमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। पर्यटनबाट मात्र नेपालको समृद्धि सम्भव भएको बताउँदै क्षेत्रीय विमानस्थल निर्माणमा सरकार सकारात्मक रहेको बताउनुभयो।

मन्त्री अधिकारी तथा बुद्ध एयरका प्रबन्ध निर्देशक बस्नेत वाराणसी उडानका सम्पूर्ण यात्रुहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट स्वागत तथा बिदाई गर्नु भयो। बस्नेतले मुक्तिनाथ, पोखरा, काठमाडौं, जनकपुरलगायत नेपालका पर्यटन गन्तव्य र यसक्षेत्रको पर्यटन व्यववसायले यो नियमित उडानबाट नेपालको पर्यटन क्षेत्रमा ठूलो उपलब्धी हुने बताउनुभयो। काठमाडौं वाराणसी सातामा दुई उडान शुरू भएसंगै पर्यटकीय तथा धार्मिक यात्रामा जाने तीर्थालुहरूलाई उहाँहरूले विदाइ गर्नुभयो। नेपालबाट वाराणसी यात्रामा गएका यात्रुहरूलाई उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलगायतले स्वागत गरेको थिए। प्राचीन शहर र सभ्यतासंग जोडिएका शहरहरू हुन् काठमाडौं र वाराणसी। धार्मिक आस्थाका हिसाबले पनि काठमाडौं र वाराणसीको स्थान निकै उच्च रहेको कम्पनीले जनाएको छ, यी दुवै शहर युनेस्को हेरिटेजले सम्मानित तथा संरक्षित संरचनाहरूले भरिएका छन्।

दुवै शहरलाई बद्ध एयरको उडानले सिधा सम्बन्ध स्थापित गरेको छ। उसले यी दुवै शहरका लागि विभिन्न धार्मिक तथा पर्यटकीय होलिडे प्याकेजहरू पनि सञ्चालनमा ल्याएको जनाएको छ। वाराणसीका लागि क्लासिक काशी, बुद्ध ट्रेल जसमा सारनाथ, बोधगया तथा वरपरका अयोध्या, ईलाहावाद, प्रयाग स्नान इत्यादि रहेको छ। यी प्याकेजहरू ३ रात ४ दिन तथा ४ रात ५ दिनका हुनेछन् भने आवश्यकताअनुसार यसलाई बढाउन पनि कम्पनीले जनाएको छ।

यसै गरी भारतीय तीर्थालु तथा यात्रुहरूका लागि विभिन्न धार्मिक तथा होलिडे प्याकेजहरू पनि रहेको कम्पनीले जनाएको छ। जसमा पशुपतिनाथ, मुक्तिनाथ, जानकी दर्शन रहेको छ। युवावर्गलाई लक्षित गरी हिमालयज ट्रेल, ट्रेकिङ, जंगल सफारी इत्यादि पनि सञ्चालनमा ल्याएको कम्पनीले जनाएको छ। यस उडानबाट तेस्रो मुलुकका पर्यटकहरूलाई पनि नेपाल भित्र्याउन सकिने र सन् २०२० लाई सरकारको भ्रमण वर्ष मनाउने तयारीलाई थप टेवा पुग्ने विश्वास कम्पनीले लिएको छ। काठमाडौं वाराणसी काठमाडौंको उडान अवधि करिब ५० मिनेटको हुनेछ।

२०७५ असार शनिबार १६

यसको लागि सम्बन्धित दातृ निकायहरु र नेपाल सरकारबीच ऋण सम्झौताहरु तथा नेपाल सरकार र प्राधिकरण एवं प्राधिकरण र यस कम्पनीबीच सहायक ऋण सम्झौताहरु सम्पन्न भइसकेका छन्।

अर्थ

'धान उत्पादनमा वृद्धि, राष्ट्रको समृद्धि'

'धान उत्पादनमा वृद्धि, राष्ट्रको समृद्धि' भन्ने मुल नाराका साथ शुक्रबार मुलुकभर १५औं राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव मनाइएको छ। मुलुकको अर्थतन्त्र तथा खाद्य सुरक्षाको प्रमुख आधारका रूपमा रहेको धानको उत्पादनलाई महत्व दिंदै सरकारले हरेक वर्ष असार १५ लाई राष्ट्रिय धान दिवसका रूपमा मनाउँदै आएको छ। मुलुकको आर्थिक समृद्धिमा धानबालीको ठूलो योगदान रहे पनि वर्षेनी उत्पादकत्व घट्दो क्रममा रहेको छ भने धान र चामलको आयात बढीरहेको छ। सरकारले आफ्नो नीति तथा कार्यक्रम, बजेट तथा चुनावअघिका घोषणापत्रबमोजिम कृषि क्षेत्रमा देखिने गरी कुनै काम गर्न सकेको छैन। यसै सन्दर्भमा राष्ट्रिय धान दिवसको अवसर पारी विभिन्न जिल्लाबाट **नेपाल समाचारपत्रकर्मी**ले तयार पारिएको रिपोर्ट।

एक नम्बर प्रदेशमा ११ प्रतिशत रोपाईं

सरोज यादव, विराटनगर

मध्यअसारसम्ममा प्रदेशमा नम्बर १ मा ११ प्रतिशत धान रोपाईं भएको छ। असार १५ गतेसम्म प्रदेशभर ५१ हजार ४ सय ९३ हेक्टर क्षेत्रफलमा मात्र धान रोपाईं भएको क्षेत्रीय कृषि निर्देशनालय विराटनगरले जनाएको छ।

गत आर्थिक वर्ष पनि यस अवधिसम्ममा ११ प्रतिशत रोपाईं सम्पन्न भएको कार्यालयले जनाएको छ। सबैभन्दा बढी पहाडी जिल्ला भोजपुरमा ५० प्रतिशत रोपाईं भएको छ भने सबैभन्दा कम सप्तरीमा १ दशमलव ५ प्रतिशत मात्रै धान रोपाईं भएको छ।

भएको निर्देशनालयका प्रवक्ता डाक्टर राजेन्द्र उप्रेतीले जानकारी दिनुभयो।

उच्च पहाडी जिल्लामा १७ प्रतिशत, मध्यपहाडी क्षेत्रमा २२ प्रतिशत र तराई क्षेत्रमा लगभग ८ प्रतिशत धान रोपाईं भएको कार्यालयको तथ्यांकमा उल्लेख छ। तथ्यांकअनुसार धनकुटामा ८, तेह्रथुममा ३५, संखुवासभामा १५, भोजपुरमा ५०, झापामा ५, इलाममा १०, पाँचथरमा १९, ताप्लेजुङमा १७, सुनसरीमा २०, मोरङमा ५, सप्तरीमा १ दशमलव ५, सिराहमा ५, उदयपुरमा ८, खोटाङमा १५, ओखलढुंगा १५ र सोलुखुम्बुमा ३५ धान रोपाईं भएको छ।

मन्त्री बने रोपार

काठमाडौं, (नेस)

पन्ध्रौं राष्ट्रिय धान दिवसको अवसरमा मुलुकका विभिन्न स्थानमा रोपाईं तथा महोत्सवका कार्यक्रमहरूको आयोजना गरिएको छ। त्यस्ता कार्यक्रममा पूर्वप्रधानमन्त्री, पूर्वमन्त्री, बहालवाला गृहमन्त्री, रक्षामन्त्री, कृषिमन्त्रीलगायत अन्य राजनीतिक दलका उच्च पदस्थ नेता र सरकारी कर्मचारीसमेत रोपाहारका रुपमा खेतमा देखिएका छन्।

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, बाबुराम भट्टराईले रोपाईं गरेको तस्वीरहरू सामाजिक सञ्जालमा राख्नुभएको छ। कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्री चक्रपाणि खनालले कपिलवस्तुको तिलौराकोटमा आयोजना भएको रोपाई महोत्सवमा सरिक भएर धान रोप्नुभएको छ। कपिलवस्तुका राजा शुद्धोधनले सुनको हलोले जोतेर पहिलोपटक धान खेती शुरू गरेको किंवदन्ती छ। लुम्बिनी विकास कोषले आयोजना गरेको उक्त महोत्सवलाई हरेक वर्ष निरन्तरता दिइने जनाईएको छ। उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल युवा संघ र वाईसीयलको संयुक्त रुपमा बुढानीलकण्ठमा आयोजना गरेको कार्यक्रममा गएर धान रोप्नुभएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले काठमाडौंको बौद्धमा आयोजना भएको एक कार्यक्रममा गएर रोपाईं गर्नुभयो।

दिपायलमा धान रोपाईं हुन सकेन

विमल विष्ट, डोटी

शुक्रबार देशभर राष्ट्रिय धान दिवस मनाइरहँदा डोटीको दिपायलमा भने रोपाईं तथा धान दिवसका कुनै कार्यक्रम भएनन्। पर्याप्त पानी नहुँदा यहाँका किसानले धानको बेर्ना राख्न सकेका छैनन् भने पिपल्लालगायतका क्षेत्रमा गहुँ काटी सकेपछि खेतसमेत जोत्न पाएका छैनन्।

डोटीको दिपायल क्षेत्र समथल तथा मैदानी क्षेत्र हो। आकाशे पानीको भरमा रोपाई हुने तथा सिंचाइ सुबिधा नहुँदा आफूहरूले धानको बेर्नासमेत राख्न नसकेको दिपायल पिपल्लास्थित गैराका किसान टिका कामीले बताउनुभयो। उहाँले भन्नु भयो- 'सबैले असार १५ धान दिवस भन्दै रोपाईं गर्न थालेका छन्,सिंचाइ सुबिधा नहुँदा हामीले भने बिउसमेत राख्न पाएका छैनौं। के धान दिवस मनाउनु।'

बिगत केही वर्षसम्म सिंचाइ सुबिधा भए पनि गएको २०७१ सालमा आएको बाढीपहिरोले यहाँको सलेनीगाढको सिंचाइ कुलो बगाएपछि अहिले यहाँका किसान धानको बिउ राख्नेदेखि लिएर रोपाईं गर्नसमेत आकासे पानीको भर पर्न थालेका छन्। निर्वाचनको समयमा विभिन्न नेताहरूले सिंचाइ सुबिधा दिने बचन दिए पनि यहाँका किसानको मर्का अहिलेसम्म कसैले पनि नबुझेको स्थानीयबासीको आरोप छ। यहाँका किसानहरू धान रोपाईं गर्नका लागि आकासको भरमा निर्भर भएका छन्। 'जहिले पानी पर्छ अनि बेर्ना राख्छौं र धान रोप्छौं।'-अर्का स्थानीय किसान रामबहादुर विकले भन्नुभयो। 'हाम्रो पीडा कसैले हेरेनन्। भगवानले हेरे खान पाउँछौं नत्र जमिन बाँझै हुन्छ।'- विकले भन्नुभयो।

डोटीमा कुल १० हजार हेक्टरमा धान रोपाईं गरिन्छ भने भने त्यसको दुई चौथाई मात्रै दिपायल क्षेत्रमा धान रोपिने गरेको जिल्ला कृर्षि विकास कार्यालय डोटीको तत्थ्यांकमा उल्लेख गरिएको छ। पुरानो क्षेत्रीय सदरमुकामका खेतको यस्तो हालत छभने अन्य पानी नलाग्ने अर्थात सिचाईं सुबिधा नभएका यहाँका खेतको हालत के होला आफैं अनुमान गर्न सकिन्छ।

पर्वतको फलेवासमा रोपाईं महोत्सव धुमधामका साथ सम्पन्न

दुर्गाप्रसाद शर्मा, पर्वत

फलेवास नगरपालिकाको आयोजनामा लिमिठाना स्थित चर्दिखोलामा राष्ट्रिय धान दिवसको अवसरमा रोपाईं महोत्सव आयोजना गरिएको छ। जिल्लाकै मुख्य खाद्यान्न बालीको रुपमा रहेको धान उत्पादनमा यात्रिकीकरण गर्ने र उत्पादन लागतमा कम गर्ने उद्देश्यका साथ नगरपालिकाले महोत्सव आयोजना गरेको हो।

जिल्ला समन्वय समितिका संयोजक मनोहर पौडेल र फलेवास नगरपालिकाका प्रमुख पदमपाणि शर्माले हलो जोतेर महोत्सवको उद्घाटन गर्नुभएको थियो। बाजागाजासहित शुरू भएको महोत्सवमा उक्त क्षेत्रका सयौं कृषकहरूको सहभागिता रहेको थियो। युवाहरू धन कमाउनका लागि पलायन भैरहेका बेला कृषि पेशाबाटै आत्मनिर्भरताको बाटो खोज्न राज्यले कृषकहरूलाई प्रोत्साहन गर्नुपर्ने जिल्ला समन्वय समितिका संयोजक मनोहरबी पौडेलले बताउनुभयो। कृषि व्यवसायमा कम लागतमा धेरै उत्पादन गर्न सकिने खालका यन्त्र, उपकरण तथा प्रविधिहरूको विस्तार गर्नुपर्नेमा जोड दिँदै पौडेलले पर्वत जिल्ला कृषि क्षेत्रको हिसाबले ठुलो सम्भावना रहेको उहाँको भनाइ रहेको थियो। फलेवास नगरपालिकाका प्रमुख पदमपाणि शर्माले नगरपालिकालाई कृषिमार्फत समृद्ध बनाउनका लागि नमुना कार्यक्रमहरू अघि सारिएको बताउनुभयो। अर्थतन्त्रको मुख्य आधारनै कृषि भएकाले नगरपालिकाले सम्भावना हेरेर खाद्यान्न, फलफुल र पशुपालनमा विशेष जोड दिएको बताए। उनले सबैजसो कार्यक्रमहरू कृषकलाई प्रोत्साहन गर्ने खालका भएकाले अब युवाहरू विदेशिनुनपर्ने उनको भनाइ थियो।

जिल्ला कृषि विकास कार्यालय पर्वतका वरिष्ठ कृषि विकास अधिकृत बासुदेव रेग्मीले बढ्दो युवा पलायनलाई रोकेर कृषिबाटै आत्मनिर्भर बनाउन राज्यले स्थानीय सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो। पर्वतमा झण्डै २० प्रतिशत धान रोपाईं सकिएको बताउँदै उनले पर्वतबाट शुरू भएको जमिन बाँझो नराख्ने अभियान मुलुकभरी शुरू भएकाले कृषकलाई कृषिबाटै आत्मनिर्भर हुने वातावरण सिर्जना गर्नुपर्ने धारणा राख्नुभयो। जिल्लाको कुल धानखेतीमध्ये २६ प्रतिशत खेतमा मर्कैखेती लगाइएको छ भने बाँकी खेतमा अहिले धमाधम रोपाई भइरहेको छ। पर्वत जिल्लामा धान फल्ने ९ हजार २१ हेक्टर जमिन रहेको छ। त्यसमध्ये बाह्रै महिना सिंचाइको सुबिधा पुगेको ६ हजार ८ सय हेक्टर जमिन रहेको छ।

कृषिमा यान्त्रिकरणको अभ्यास गर्दै धान सुपर जोन

झापा, (नेस)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान सुपर जोन बनियानी झापाले 'धान उत्पादन, वृद्धि राष्ट्रको समृद्धि' नाराका साथ १५औं राष्ट्रिय धान दिवस मनाएको छ।

झापाको दक्षिणी क्षेत्र कचनकवल ४ का स्थानीय सुकलाल गणेशको जमिनमा बिहीबार मेसिनको प्रयोगबाट धान रोपेर दिवस मनाएको हो। परियोजनाले मेसिनको प्रयोगबाट हिलोमा धानको दाना रोप्ने, धान गोड्ने, मल छर्नेजस्ता प्रविधिको प्रयोगसमेत गरेको थियो। कृषिमा यान्त्रिकीकरणमार्फत उत्पादन वृद्धि गरी खाद्यन्नमा आत्मनिर्भर बनाउने अभियानमा रहेको सुपर जोनले प्रदेशसभा संसद बसन्त बानियाँलाई मेसिनबाट धान रोप्न लगाइ दिवस मनाएको थियो।

सुपर जोन सञ्चालक समितिका अध्यक्ष नवराज भट्टराईको अध्यक्षता तथा प्रदेश संसद बानियाँको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्र पौडेल, धान बाली विज्ञ कैलाशकुमार भुडेल, सिंचाई डिभिजन प्रमुख ईश्वरीकुमार तिवारी लगायतले कृषिमा यान्त्रीकीकरण प्रयोगपश्चात् लागत घटेर उत्पादकत्व बृद्धि भए पनि बजारीकरणको समस्या हल गर्न राज्य जिम्मेवार हुनु पर्ने धारणा राखेका थिए।

हरित कृषक समूहको संयोजनमा सम्पन्न कार्यक्रममा सुपर जोनका प्रमुख वरिष्ठ कृषि अधिकृत मेघनाथ तिमल्सेनाले सुपर जोन स्थापनापछि धान उत्पादन बढे पनि उचित मूल्यसहितको बजारीकरण हुन नसक्दा कृषक मारमा परेको जानकारी दिनुभयो। तिमल्सेनाले राज्यको नेतृत्वमा रहने नीति निर्माताहरूले बोलीमा होइन व्यवहारमा कृषि विकासका लागि काम गर्नुपर्ने धारणा राख्नुभएको थियो।

धान दिवसको बारेमा स्थानीयलाई भने जानकारी नभएको पाइएको छ। दिवसका विषयमा स्थानीयसँग जानकारी लिँदा उनीहरूले थाहा नभएको प्रतिक्रिया दिएका थिए। त्यसैगरी, आर्ग्यानिक जोनको अवधारणा लिएर अगाडि बढ्दरिहेको भद्रपुर ८ नम्बर वडाले असार १५ को अवसर पारेर २ जना कृषकलाई सम्मान गरेको छ।

असार १५ गते धान रोप्दै मैसेपाटीका कृषकहरू। सरकारले यसवर्ष 'धान उत्पादनमा वृद्धि, राष्ट्रको समृद्धि' भन्ने नाराका शुक्रबार मुलुकभर १५औं राष्ट्रिय धान दिवस मनाइएको छ।

तस्वीर: नेस

महोत्सवका रूपमा धान दिवस

विष्णु तिमिल्सिना, बर्दिया

बिगत १४ वर्षदेखि मनाउँदै आइरहेको धान दिवस यस वर्ष पनि रोपाईं महोत्सवका रुपमा बर्दिया जिल्लाका सबै स्थानीय तहमा मनाइएको छ। कृषि सम्बन्धी काम गर्ने संस्था, सहकारी, समूह तथा कृषकहरूले संयुक्त रुपमा आयोजना गरेर धान दिवसको कार्यक्रम मनाइएको हो।

धान उत्पादनमा वृद्धि राष्ट्रिको समृद्धि भन्ने नाराका साथ मनाइएको धान दिवस गुलरिया नगरपालिका कृषि शाखाको आयोजनामा वडा नम्बर ३ सिरकोईयामा श्री गुरु चरण खाद्यान्न बाली कृषक समूहको प्रायोजनमा मनाइएको छ। गुलरिया नगरपालिकाका प्रायः सबै वडाका कृषकहरू, जनप्रतिनिधिहरूको सहभागिता रहेको उक्त धान दिवस समारोहमा गुलरिया नगरपालिकाका प्रमुख मुक्तनाथ यादव, नेपाल कम्युनिस्ट पार्टी(नेकपा)का नेता हरिप्रसाद ज्ञवाली, नगरपालिका कृषि शाखा प्रमुख तारा शर्मा, र कृषक राजकुमार बर्माले मन्तव्य राख्नु हुँदै धानको उत्पादन वृद्धि गर्नमा उत्प्रेरणा दिने कुरा बताउनुभयो। साथै विभिन्न समूहहरूले कार्यक्रममा सांस्कृतिक झाँकीहरू प्रस्तुत गरेका थिए।

बर्दिया नगरपालिकाको वडा नम्बर २ नारायणपुरको जलजला कृषि सहकारीमा पनि धान दिवस मनाइएको छ। सो नगरपालिकाको कृषि शाखाको मुख्य आयोजनामा जलजला कृषि सहकारी संस्था, बुद्धान कृषि सहकारी संस्था, साना किसान सहकारी संस्था र थारु महिला उत्थान केन्द्रको सह-आयोजनामा भएको हो।

इलामका स्थानीय तहले धान दिवस बिर्सिए

गणेश घिमिरे, इलाम

बिगतका वर्षहरूमा जिल्ला कृषि विकास कार्यालयले इलाममा धान दिवस मनाउँदै आएपनि यो वर्ष भने दिवस मनाएन। अघिल्ला आर्थिक वर्षहरूमा जिल्ला कृषि विकास कार्यालयले कार्यक्रमका लागि बजेट छुट्याइने भए पनि अहिले सिधै स्थानीय तहमा नै बजेट बिनियोजन भएपछि जिल्लास्तरमा राष्ट्रिय धान दिवस र रोपाईंका कुनै कार्यक्रम भएनन्।

चार नगरपालिकासहित दशवटा स्थानीय तहमा धानखेती हुने भए पनि चुलाचुली गाउँपालिकाबाहेक जिल्लाका अन्य कुनै पनि स्थानीय तहले धान दिवसलाई वास्ता गरेनन्। स्थानीय तहले नै दिवस मनाउनुपर्ने भए पनि चुलाचुली गाउँपालिकाले मात्र मनाएको जिल्ला कृषि विकास कार्यालयका प्रमुख रामसोगारथ शाहले बताउनुभयो। चुलाचुली गाउँपालिकाले भने साना कृषि सहकारी लिमिटेडसँगको सहकार्यमा रोपाईं गरेर धान दिवस मनाएको छ। उक्त गाउँपालिकामा धान दिवसको उद्घाटन गर्दै शाहले कृषिको परनिर्भरता कम गर्न र किसानलाई हौसला पुरयाउन दिवस मनाइएको बताउनुभयो। उहाँले कृषिजन्य उत्पादन बढाउन यान्त्रिकरण, व्यवसायिकरण र आधुनिकरणमा सरकारले जोड दिनुपर्ने उल्लेख गर्नुभयो।

कृषि कार्यालयको तथ्यांकअनुसार इलाममा १५ हजार ९ सय ९५ हेक्टरमा धानखेती हुँदै आएको छ भने असार १५ गतेसम्म १० प्रतिशत खेतमा रोपाईं भइसकेको छ।

गोरुकै भर : पन्ध्रौं धान दिवसको अवसरमा खोटाङस्थित दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले आयोजना गरेको सामूहिक रोपाईंमा खटाइएका तीन हल गोरु।

तस्वीर : रामधन राई, खोटाङ